## कुल सम्पत्ति

यस विकास बैंकको कुल सम्पत्ति आ.व. २०७७/७८ मा ५२.४३ प्रतिशतले बृद्धि भई कुल सम्पत्ति रू. १ खर्ब १ अर्ब पुगेको छ । विगत ५ वर्षमा यो विकास बैंकको कुल सम्पत्तिमा ४१६ प्रतिशतले बृद्धि भएको छ । आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा यस विकास बैंकको कुल सम्पत्ति करिब रू. ६६ अर्ब ३५ करोड रहेको थियो ।

## Total Assets




## पूँजी तथा जगेडा कोष

आ.व. २०७७/०७८ को अन्त्य सम्ममा यो विकास बैंकको कुल चुक्ता पूँजी रू. ४ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो आ.व.को तुलनामा चुक्ता पूँजीको बृद्धि दर ११.२५ प्रतिशत हो भने आ.व. २०७३/७४ को तुलनामा यो चुक्ता पूँजीको बृद्धि १४३ प्रतिशत हुन आउँदछ । यस वर्ष प्रस्ताव गरिएको १७.५७५ प्रतिशत बोनस सेयर वितरण गरे पश्चात यो विकास बैंकको चुक्ता पूँजी रू. ५ अर्ब ६५ करोड पुग्नेछ । त्यसै गरी खुद नाफा, नाफा नोक्सान हिसाब बाँडफाँड तथा नियमनकारी समायोजन पश्चात् बैंकको जगेडा तथा कोषमा २ अर्ब २ करोड पुगेको छ ।

## Paid Up Capital



## निक्षेप संकलन

आ.व. २०७७/७८ को अन्त्य अर्थात २०७८ आषाढ मसान्त सम्ममा यस विकास बैंकको कुल निक्षेप रू. ९२ अर्ब ३२ करोड रहेको छ । आ.व. २०७७/७८ मा बचत तथा निक्षेप संकलनमा ५४.८२ प्रतिशतले बृद्धि गरेको छ । गत ५ वर्षको अवधिमा बैंकले बचत तथा निक्षेपको आकारलाई ४५० प्रतिशतले बृद्धि गर्न सफल भएको छ । यस विकास बैंकको वार्षिक निक्षेप बृद्धि र निक्षेपहरूको संरचनालाई निम्न ग्राफमा प्रस्तुत गरिएको छ ।

### Total Deposits




## निक्षेपको प्रकार अनुसार निक्षेपको मिश्रण

### Deposit Mix




### Deposit Type



## कर्जा परिचालन

२०७८ आषाढ मसान्त सम्ममा बैंकको लगानीमा रही रहेको कुल कर्जा रू. ७६ अर्ब ४० करोड रहेको छ । यो कर्जा आ.व. २०७७/७८ मा मात्रै ५८.३० प्रतिशतको बृद्धि हो । विगत ५ वर्षको अवधिमा कर्जाको बृद्धि ४०४ प्रतिशतले भएको छ ।

### Total Loan




## प्रयोजन अनुसार कर्जाको वर्गीकरण

२०७८ आषाढ मसान्तसम्म लगानीमा रहेको कर्जाको प्रयोजन अनुसारको वर्गीकरण यस प्रकार रहेको छ ।

### Loan Mix



## सीमा अनुसार कर्जाको वर्गीकरण

## Ticket-Size Wise Loan Classification




## लगानी

आ.व. २०७६/०७७ मा लगानी रकममा १५१.७२ प्रतिशतले बृद्धि गरेको यस विकास बैंकले आ.व. २०७७/७८ मा पनि ११७.८२ प्रतिशतले बृद्धि गरी कुल लगानी रू. १४ अर्ब ७३ करोड पुऱ्याएको छ । बैंकले लगानीलाई ट्रेजरी बिल, सरकारी ऋणपत्र तथा अन्य लगानीमा विविधिकरण गरेको छ । वित्तीय बजारमा देखिने तरलताको अवस्थालाई मध्यनजर गरी बैकल्पिक आम्दानीको श्रोतको रूपमा लगानी गर्ने गरिएकोछ ।

## Investment



## ब्याज आम्दानी

यस विकास बैंकले कर्जा लगानीमा बृद्धि गरेसंगै ब्याज आम्दानीमा पनि बृद्धि गरेको छ । आ.व. २०७७/७८ मा कुल ब्याज आम्दानी १५.०३ प्रतिशतले वृद्धि भई रू. ७ अर्ब ५८ करोड भएको छ । गत ५ वर्षको अवधिमा बैंकले व्याज आम्दानीलाई ३०३ प्रतिशतले बृद्धि गर्न सफल भएको छ । कर्जा लगानीको अनुपातमा ब्याज आम्दानी बृद्धि नहुनुमा ब्याजदर अन्तर एक मुख्य कारण हो भने ठूलो आकारको कर्जा लगानीमा मार्जिन कम हुनु हो ।

### Interest Income




## ब्याज खर्च

समीक्षा वर्ष (आ.व. २०७७/७८) मा तरलता सहज अवस्थामा रहेकोले ब्याज खर्चमा दवाव परेन । नियमित बृद्धि भएको बचत तथा निक्षेपको ब्याज खर्च मात्र बृद्धि हुँदा सो आ.व.मा कुल ब्याज खर्च १०.६६ प्रतिशतले मात्रै बृद्धि भएको छ । विगत ५ वर्षको ब्याज खर्चको बृद्धिदर ४६४ प्रतिशत हुन आउँछ । उल्लेखित आ.व.मा कुल ब्याज खर्च रू. ४ अर्ब ७९ करोड भएको छ ।

### Interest Expenses



## खुद ब्याज आम्दानी

आ.व. २०७७/७८ को आषाढ मसान्त सम्ममा यो विकास बैंकले खुद ब्याज आम्दानी रू. २ अर्ब ७८ करोड गर्न सफल भएको छ । अघिल्लो आ.व.मा १९.२४ प्रतिशतले बृद्धि भएको खुद ब्याज आम्दानी यस आ.व.मा २३.४२ प्रतिशतले बृद्धि गर्न सफल भएको छ ।

## Net Interest Income




## गैर ब्याज आम्दानी

आ.व. २०७६/७७ मा गैर ब्याज आम्दानी करिब रू. ५५ करोड १५ लाख गरेको यस विकास बैंकले आ.व. २०७७/७८ मा रू. १ अर्ब ३ करोड गर्न सफल भएको छ । यो बृद्धि ८७.७६ प्रतिशतको बृद्धि दर हो । अन्य संचालन आम्दानी बृद्धि हुन मुख्य योगदान दोश्रो बजारमा सेयरको मूल्य बृद्धि रहेको छ भने अन्य आम्दानीका श्रोतहरूमा पनि बृद्धि गरिएको छ । विगत ५ वर्षमा गैर ब्याज आम्दानी ३६७ प्रतिशतले बृद्धि भएको छ ।

## Non Interest Income



## कर्मचारी खर्च

आ.व. २०७६/७७ मा ३०.८७ प्रतिशतले बृद्धि भएको कर्मचारी खर्च आ.व. २०७७/७८ मा २४.०१ प्रतिशतले बृद्धि भएको छ । कर्मचारी संख्या बृद्धि हुनु तथा नियमित ग्रेड, उपदान र बिदा वापतको रकम थप हुँदा पनि अघिल्लो आ.व.को तुलनामा कर्मचारी खर्च बृद्धिदर कम छ । समीक्षा वर्ष आ.व. २०७७/७८ मा कुल कर्मचारी खर्च रू. १ अर्ब ११ करोड भएको छ । विगत ५ वर्षमा कर्मचारी संख्या करिव ११५ प्रतिशतले बृद्धि भएको छ भने कर्मचारी खर्चमा २३९ प्रतिशतले बृद्धि भएको छ ।

## Staff Expenses




## कार्यालय संचालन खर्च (कर्मचारी खर्च बाहेक)

आ.व. २०७६/७७ मा २०.७१ प्रतिशतले बृद्धि भएको कार्यालय संचालन खर्च (ह्रास तथा अपलेखन खर्च सहित), समीक्षा वर्ष आ.व. २०७७/७८ मा १.२३ प्रतिशतले बढेर रू. ५७ करोड ४२ लाख भएको छ । यो खर्चमा पनि अधिकांश हिस्सा भौतिक सम्पत्तिहरूको ह्रासकट्टी तथा प्रविधिको वार्षिक शुल्कहरू रहेको छ ।

## Office Operating Expenses



## खुद मुनाफा

आ.व. २०७७/७८ को आषाढ मसान्त सम्ममा यो बैंकले रू. १ अर्ब १५ करोड खुद मुनाफा गर्न सफल भएको छ, जुन अघिल्लो आ.व.को तुलनामा ६३.४८ प्रतिशतले बढी हो । रू. १ अर्ब भन्दा बढी खुद मुनाफा गर्ने विकास बैंकहरूमा यो विकास बैंक पहिलो बन्न सफल भएको छ ।

## Net Profit




## निष्कृय कर्जा

ग्राहक र बैंक बीचको असल सहकार्य मार्फत यस विकास बैंकले समीक्षा वर्षमा निष्कृय कर्जालाई घटाउन सफल भएको छ । अघिल्लो आ.व.को अन्त्यमा ०.४६ प्रतिशत रहेको निष्कृय कर्जा आ.व. २०७७/७८ को अन्त्यमा ०.२३ प्रतिशत राख्न सफल भएको छ । प्रतिशतको आधारमा यो ५० प्रतिशतले थोरै हो । निष्कृय कर्जाको हिस्सालाई कम गर्न यो विकास बैंक अझै प्रयासरत रहेको छ ।

## Non Performing Loan (NPL)



## प्रति सेयर आम्दानी

आ.व. २०७६/०७७ मा प्रति सेयर आम्दानी रू. १६.५६ भएकोमा समीक्षा वर्ष २०७७/७८ मा रू. २४.०३ कायम गर्न सफल भएको छ । यो अघिल्लो आ.व. को तुलनामा ४५.०८ प्रतिशतले बढी हो । विगत ५ वर्षको औषत प्रति सेयर आम्दानी रू. २४.५६ हुन आउँछ । यो विकास बैंकको चुक्ता पूँजी बृद्धि हुँदै जाँदा पनि प्रति सेयर आम्दानीलाई उच्च स्तरमा राख्न सफल भएको छ ।

## Earning Per Share (EPS)

